


# अध्याय -९

## परमेश्वरको शासनप्रणालीको आधारशीला वा जग

यस अध्यायका मूल पदहरू: प्रकाश १४:६-१२; उपदेशक १२:१३,१४; हितोपदेश २८:९; दानिएल ७:२५।

*यस अध्यायको मुल सार पद:* **"तब त्यो विशाल सर्प वा अजिङ्गर त्यस स्त्री प्रति खूबै क्रोधित भयो। त्यो सर्प त्यस स्त्रीको अन्य बालकहरूको विरुद्ध लडाईं गर्न हिंड्यो। त्यस स्त्रीका बालकहरू तिनीहरू थिए जसले परमेश्वरका आज्ञाहरू पालन गर्थे। येशूले सिकाएको सत्य वा गवाही तिनीहरूसित थियो।" प्रकाश १२:१७ रूपान्तरित।**

एडभेन्टिस्टहरूले गहिरो बाइबल अध्ययन गरेपछि स्वर्गको महा पवित्रस्थानको सन्दुकभित्र रहेको व्यवस्था वा दश आज्ञाको महत्त्वलाई तिनीहरूले बुझ्न थाले। दश आज्ञाको मुटु वा केन्द्रबिन्दुमा नियालेपछि तिनीहरूले चौथो आज्ञा वा साबथको महत्त्व पत्ता लगाए। अरू कुनै आज्ञाहरूभन्दा यही आज्ञाले मात्र परमेश्वर हाम्रा सनातन सृष्टिकर्ता हुनुहुन्छ र सबै सही आराधनाको जग त्यो हो भन्ने आत्मज्ञान तिनीहरूमा भयो। पृथ्वीको इतिहासको अन्तका दिनहरूमा यो विषयवस्तु विशेष महत्त्वपूर्ण हुनेछ भन्ने निश्कर्ष तिनीहरूमा तिनीहरू पुगे (प्रकाश १४:६-१२)।

सुरुदेखि परमेश्वरको आराधना गर्ने नीतिलाई नाश गर्ने सैतानको लक्ष्य थियो। परमेश्वरका दश आज्ञालाई निस्तेज वा कमजोर बनाउने उसको लक्ष्य थियो। उसलाई यो थाहा थियो कि "जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर

एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ।" याकूब २:१०। त्यसकारण, इसाईहरूकै बिचमा परमेश्वरको व्यवस्था वा दश आज्ञालाई उल्लङ्घन गर्न उसले उक्साइरहेको छ। "येशू मर्नुभएकोले उहाँले दश आज्ञा खारेज गर्नुभयो वा क्रूसमा टाँग्नुभयो, त्यसकारण, त्यसलाई पालन गर्नु आवश्यक छैन," भनेर करौडौं मैहुँ भन्ने बुद्धिजीविसमेत इसाईहरूलाई उसले ढुक्क बनाइरहेको छ। साबथ प्रति सैतानको घोर आपत्ती छ (जुन प्रायजसो सबै प्रोटेस्टेन्ट इसाई सम्प्रदायका इसाईहरूको निम्ति पनि आपत्ती छ) किनकि यही साबथले परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ र उहाँको आराधना कसरी गर्ने भनेर औंल्याउँदछ। स्वर्गको महा पवित्रस्थानमा रहेको पवित्र दश आज्ञाको बिचमा साबथलाई सुरक्षित राखिएको छ। दश आज्ञाले नै पाप के हो भनेर व्याख्या गर्नेभएकोले जबसम्म मानिसहरू परमेश्वर प्रति बफादार रहन्छन् तबसम्म उहाँको व्यवस्था वा दश आज्ञाहरूको मूल्य भइरहन्छ। त्यसभित्र साबथ आज्ञा पनि सजिएको छ।

पवित्रस्थान, परमेश्वरको व्यवस्था वा दश आज्ञा, साबथ र पशुको छापले गर्दा आउने शङ्कतको बिचमा कस्तो सम्बन्ध छ भनेर देखाउने यस अध्यायको लक्ष्य हो। संसारको अन्तको पुस्तामा साबथको महत्त्वलाई पनि हामी नियाल्नेछौं।

*यो अध्याय द ग्रेट कन्त्रोभर्सी अध्याय २५-२७मा आधारित छ।*

## १. पवित्रस्थान र व्यवस्था वा दश आज्ञा

**पृथ्वीको होस् वा स्वर्गमा रहेको महापवित्रस्थानभित्र रहेको करारको सन्दुकभित्र के छ भनेर देहायका पदहरूले कसरी औंल्याउँछन्? हेर्नुहोस्, "स्वर्गमा परमेश्वरको मन्दिर खोलियो, र उहाँको मन्दिरभित्र उहाँका करारको सन्दूक देखियो। बिजुलीका चमक देखिए। आवाज र मेघ गर्जनहरू सुनिए। भूकम्प गए र ठूला-ठूला असिना परे।" प्रकाश ११:१९; " ८ "म तिनीहरूका मध्यमा बस्नलाई तिनीहरूले मेरो लागि एउटा पवित्रस्थान बनाऊन्। ९ मैले तिमीलाई देखाउने नमूनाबमोजिम पवित्र वासस्थान र त्यसका सबै सामानहरू तिमीले बनाउनू। १० "तिनीहरूले बबुल काठको एउटा सन्दूक बनाऊन्। त्यसको लमाइ दुई हात आधा, चौड़ाइ एक हात आधा र उचाइ एक हात आधाको होस्। ११ तिमीले त्यसलाई निखुर सुनले मोहोर्नू। भित्र, बाहिर तिमीले त्यसलाई मोहोर्नू। त्यसको चारैतिर सुनको बिट बनाउनू। १२ त्यसको निम्ति**

सुनका चार वटा मुन्द्रा ढालेर त्यसका चार खुट्टामा लगाउनू– दुई वटा मुन्द्रा एकापट्टि र दुई वटा मुन्द्रा अर्कोपट्टि होऊन्। १३ तब तिमीले बबुल काठका डन्डाहरू बनाएर ती सुनले मोहोर्नू। १४ ती डन्डाहरू सन्दूकका दुवैतिर भएका मुन्द्राहरूमा सन्दूक बोक्नलाई हाल्नू। १५ ती डन्डाहरू सन्दूकका मुन्द्राहरूमै रहनुपर्छ, ती त्यहाँबाट ननिकाल्नू। १६ तब त्यस सन्दूकभित्र गवाही-पाटी राख्नू, जो म तिमीलाई दिनेछु। १७ "अनि तिमीले निखुर सुनको एउटा कृपा-आसन बनाउनू। त्यसको लमाइ दुई हात आधा र चौड़ाइ एक हात आधाको होस्। १८ पिटेको सुनका दुई वटा करूबहरू कृपा-आसनका दुवै किनारमा होऊन्– १९ एउटा करूब एक किनारमा र अर्को करूब अर्को किनारमा। ती दुई करूबहरू र कृपा-आसन एउटै टुक्रा सुनबाट त्यसका दुई किनारमा बनाउनू। २० ती करूबहरूले आफ्ना-आफ्ना पखेटा मास्तिर फैलाएका र कृपा-आसनलाई आफ्ना पखेटाले ढाकेको हुनुपर्छ। तिनीहरूका मुख आमनेसामने कृपा-आसनतिर फर्केका हुनुपर्छ। २१ त्यो कृपा-आसनलाई सन्दूकको माथि राख्नू, अनि सन्दूकभित्र गवाही-पाटी राख्नू, जो म तिमीलाई दिनेछु। २२ त्यहीं म तिमीसित भेट गर्नेछु, अनि कृपा-आसनमाथि, गवाही-पाटीको सन्दूकमाथि हुने ती दुई करूबहरूका बीचबाट इस्राएलीहरूका निम्ति सबै आज्ञाहरू म तिमीलाई दिनेछु।" प्रस्थान २५:८-२२; " १५ छ दिनसम्म कामकाज गरिओस्, तर सातौं दिनचाहिँ विश्रामको शबाथ हो, जो परमप्रभुको निम्ति पवित्र हो। जसजसले शबाथमा केही कामकाज गर्ला त्यो मारिनैपर्छ। १६ इस्राएलीहरूले शबाथ मानून्, र त्यो दिन आफ्ना सारा पुस्ताभरि अविराम करारको रूपमा मान्ने गरून्। १७ म र इस्राएलीहरूका बीचमा त्यो सदाको निम्ति एउटा चिन्ह हुनेछ, किनभने परमप्रभुले छ दिनमा आकाश र पृथ्वी बनाउनुभयो, तर सातौं दिनमा उहाँले काम छोड़ेर विश्राम गर्नुभयो।"१८ परमेश्वरले मोशासित सीनै पर्वतमा कुरा गरिसक्नुभएपछि, उहाँका आफ्ना औंलाले लेखेका दुई शिला-पाटीहरू उहाँले तिनलाई दिनुभयो।" प्रस्थान ३१:१५-१८ र " तब त्यो विशाल सर्प त्यस स्त्री प्रति खूबै क्रोधित भयो। त्यो सर्प त्यस स्त्रीको अन्य बालकहरूको विरुद्ध लडाईं गर्न हिंड्यो। त्यस स्त्रीका बालकहरू तिनीहरू थिए जसले परमेश्वरको आदेशको पालन गर्थे। येशूले सिकाएको सत्य वा गवाही तिनीहरूसित थियो।" प्रकाश १२:१७।

प्रायश्चित वा क्षमापूजाको दिन न्यायको दिन थियो। पश्चात्ताप गर्दै, हृदय खोतल्दै सबै कामहरू ठप्प गरेर यस पर्वमा सबै इस्राएलीहरू सामेल हुन आदेश थियो (लेब २३:२९-३१)। यस दिनमा केवल महापूजारी मात्र महा पवित्रस्थानभित्र गइन्थ्यो। इस्राएलीहरूको निम्ति पश्चात्ताप वा क्षमा पूजा गर्न महापुजारी भित्र जान्थे। पवित्रस्थानको महापवित्र स्थान कोठाभित्र करारको सन्दुक थियो। त्यस सन्दुकभित्र ढुङ्गाका शिलापाटीहरूमा परमेश्वरले नै लेख्नुभएको दश आज्ञाहरू थिए। सन्दुकलाई छोप्ने सुनको ढकनलाई कृपा-आशन भनिन्थ्यो। त्यहाँ पवित्रस्थानलाई पापबाट शुद्ध पार्न रगत छर्किन्थ्यो। कृपा-आशनमाथिको शेकिनाह वा करुबहरूमाथि परमेश्वरको महिमित उपस्थिति हुन्थ्यो। प्रत्येक बलिले पापी मानव प्राणीमाथि परमेश्वरको कृपा प्रकट भएको हुन्थ्यो। तर पश्चात्तापको विधिको दिनमा गरिने बलिले न्यायको दिनसम्म पापको याद हुन्थ्यो भनेर देखाएको हुन्थ्यो (हिब्रू १०:३)। तर पाप पखाल्ने येशूको रगतले मात्र मेटिन्थ्यो जब उहाँ क्रूसमा टाँगिनुभएको थियो। त्यो पनि उहाँमाथि विश्वास राखियो भने मात्र (१ पत्रुस १:१८,१९) हामी हाम्रा पापबाट चोखिन्छौँ। त्यहाँ परमेश्वरको उपस्थितिमा कृपा र न्याय सुन्दरतरिकले बुनिएको हुन्थ्यो।

जब स्वर्गमा रहेको पवित्रस्थान हेर्दै थिए प्रेरित यूहन्नाले परमेश्वरको मन्दिर खोलिएको देखे र करारको सन्दुक त्यहाँ प्रकट भएको थियो (प्रकाश ११:१९)। *द ग्रेट कन्त्रोभर्सीमा* यो थप्दछः "स्वर्गमा भएको महापवित्रस्थानको कोठाको करारको सन्दुकभित्र परमेश्वरको व्यवस्था वा दश आज्ञालाई पवित्र रूपमा सजाएर राखिएको थियो। यो आज्ञा परमेश्वर आफैले सिनैमा बज्रहरूको बिचमा उहाँ आफैले बोल्नुभएको थियो र उहाँको आफ्नै हातले लेख्नुभएको थियो। स्वर्गको मन्दिरमा रहेको परमेश्वरको व्यवस्था वास्तविक र सकली थियो। त्यहाँ लेखिएका नीतिहरू ढुङ्गाका पाटीहरूमा थिए र मोशाले त्रुटीरहित प्रस्थानको पुस्तकमा लेखेका थिए। जो मानिसहरूले यस महत्त्वपूर्ण बुँदालाई बुझ्न सके तिनीहरूले परमेश्वरको व्यवस्था वा दश आज्ञा अपरवर्तनीय र पवित्र छ भनेर महसुस गरेका थिए।" पृ. ४३४।

जब सुरुका एडभेन्टिस्टहरूले पवित्रस्थानको बारेमा बाइबलमा सिकाइएको शिक्षा अध्ययन गर्न थाले तब तिनीहरूले दश आज्ञाको महत्त्वलाई बुझेका थिए र साबथ परमेश्वरको दश आज्ञाको मुटु वा केन्द्रविन्दुमा छ भनेर ठोकुवा गरेका थिए। यदि स्वर्गको पवित्रस्थानमा परमेश्वरको व्यवस्थालाई

चित्रण गरिएको थियो भने क्रूस पछि त्यो व्यवस्था खारेजै भएको थिएन भन्ने आत्मज्ञानमा ती अध्ययनशील एडभेन्टिस्टहरू पुगेका थिए।

*साबथको बारेमा सोच्नु होस्। यो एक घन्टामा एक हजार माइल वा पन्द्रशय किलोमिटरको रफ्तारमा प्रत्येक हप्ता कुनै घटिबढी नभएर आउँदछ। यसले सृष्टिको सिद्धान्तको बारेमा के सन्देश हामीलाई दिन्छ? अरू कुनै सिद्धान्तहरूभन्दा यो किन शक्तिशाली, आइरहने याद दिलाइरहने सिद्धान्त किन होला?*

## २. अपरवर्तनीय र अटल परमेश्वरको व्यवस्था वा दश आज्ञा

यदि कोही आफू इसाई हुँ वा येशूभक्त हुँ भनेर दावी गर्छ भने उसको सम्बन्ध परमेश्वरको दश आज्ञासँग कस्तो हुनुपर्छ भनेर देहायका पदहरूले सिकाउँदछ? हेर्नुहोस्: " १७ "व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न म आएको भन्ने नसम्झ। म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ। १८ किनभने साँच्चै म तिमीहरूलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन। १९ यसैकारण जसले यी आज्ञाहरूमध्ये सबैभन्दा सानोलाई उल्लङ्घन गर्ला, र मानिसहरूलाई त्यसै गर्न सिकाउला, स्वर्गको राज्यमा त्यो सबैभन्दा सानो कहलाइनेछ। तर जसले ती आज्ञाहरू पालन गर्ला र सिकाउला, स्वर्गको राज्यमा त्यो ठूलो कहलाइनेछ। २० किनभने म तिमीहरूलाई भन्दछु, तिमीहरूको धार्मिकता शास्त्री र फरिसीहरूको भन्दा बढ़ी भएन भने तिमीहरू कुनै रीतिले स्वर्गको राज्यमा प्रवेश गर्नेछैनौ।" मत्ती ५:१७-२०; " ७ उहाँका हातका कामहरू विश्वासयोग्य र न्यायपूर्ण छन्, उहाँका सबै आदेश विश्वसनीय हुन्छन्। ८ ती सदाकालको लागि अटल छन्, विश्वासयोग्यता र सत्यतामा गरिएका छन्। ९ उहाँले आफ्ना मानिसहरूका निम्ति उद्धार उपलब्ध गराउनुभयो, उहाँले आफ्नो करार सदा स्थिर रहोस् भनी आज्ञा गर्नुभयो। उहाँको नाउँ पवित्र र भययोग्य छ। १० परमप्रभुको भय बुद्धिको सुरु हो, उहाँका आदेशहरू पालन गर्नेहरूको समझशक्ति ठीक हुन्छ, उहाँको प्रशंसा सधैंभरि रहिरहन्छ।" भजन १११:७-१०; " १३ अब सबै कुरा सुनिएका छन्– कुराको निष्कर्ष यही हो। परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर। किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य यही नै हो। १४ किनकि हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ।" उपदेशक १२:१३-१४; " २ जब हामी परमेश्वरलाई प्रेम गर्छौं र उहाँका

**आज्ञाहरू पालन गर्छौं, तब यसैबाट थाहा पाउँछौं, कि हामीले परमेश्वरका सन्तानलाई प्रेम गर्छौं। ३ परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं, र उहाँका आज्ञाहरू भारपूर्ण छैनन्। ४ किनकि परमेश्वरबाट जन्मेको हरेकले संसारमाथि विजय प्राप्त गर्छ, र संसारलाई जित्ने विजय हाम्रो विश्वास हो।" १ यूहन्ना ५:२-४ र "यदि कसैले व्यवस्थाप्रति आफ्नो कान बन्द गर्छ भने, त्यसका प्रार्थनाहरूसमेत घृणित हुन्छन्।" हितोपदेश २८:९।**

सेभेन्थ-डे एडभेन्टिस्टहरूले इसाई सुधारवादीहरूको कदममा हिंड्छन्, जसले परमेश्वरको व्यवस्था वा दश आज्ञाको पवित्रतालाई उचालेका थिए। बिलायतको सुधारवादी येशूभक्त जोन वेस्लीले (१७०३-१७९१)ले यसरी व्यक्त गरेका थिए, "मोशाले इस्राएलीहरूलाई दिएका विभिन्न विधिविधान, बलिप्रथा र रीतिहरू जुन मन्दिरको सेवामा चलाइन्थ्यो तिनीहरूलाई प्रभु येशूले खारेज गर्न वा निकम्मा तुल्याउन आउनुभएको थियो।...तर नैतिक नीति जुन दश आज्ञाहरूमा छन्, जुन अगमवक्ताहरूले इस्राएलीहरूले मान्न आदेश दिएका थिए, उहाँले खारेज गर्नु भएन। दश आज्ञाको कुनै पनि भागलाई खारेज गर्ने योजना येशूका थिएनन्। यो व्यवस्था कसैले कहिल्यै पनि टुक्राउन सक्दैन। यो 'स्वर्गमा विश्वसनीय गवाहीको रूपमा अटल भएर राखिएको छ। यस दश आज्ञाको प्रत्येक भागलाई कार्यान्वयन गर्नै पर्छ। संसारका सबै मानव प्राणी र सबै युगमा दश आज्ञाका नीतिहरू लागु हुनुपर्दछ। यो कुनै समय, स्थान र परिस्थितिमा परिवर्तन हुने प्रावधान छैन। यसमा परमेश्वरको स्वभाव, मानिसको स्वभाव र एक आपसको सम्बन्ध कोरिएको छ।"-*अपन आवर लर्ड्स सेरमन अन द माउन्ट, प्रवचन ५ जोन वेस्लिज सेरमनस्ः आन आन्थोलोजी* (नाशभिल, टेनस्सी, आविङ्गडन्, १९९१), पृ. २०८,२०९।

**परमेश्वरको व्यवस्था वा दश आज्ञा र उहाँको चरित्रको बिचमा के सम्बन्ध छ भनेर देहायका पदहरूले देखाएका पढ्नुहोस्ः "१ परमप्रभुले मोशालाई भन्नुभयो, "पहिलेका जस्तै ढुङ्गाका दुई वटा पाटी काटेर ल्याउ। म ती पाटीमा त्यही कुरा लेख्नेछु, जो तिमीले फुटाएको पहिलेका पाटीमा लेखिएका थिए। २ बिहानै तयार भएर सीनै पर्वतको टाकुरामा उक्लेर तिमी मेरो सामुन्ने हाजिर होउ। ३ कोही मानिस तिमीसँग नआओस्, न त पर्वतको कुनै भागमा देखा परोस्। कुनै भेड़ाबाखा वा गाईबस्तु त्यस पर्वतको अगाड़ि नचरोस्।" ४ तब मोशाले पहिलेकै जस्तो ढुङ्गाका दुई वटा पाटी काटेर परमप्रभुले आज्ञा गर्नुभएझैं बिहान सबेरै उठी सीनै पर्वतमा उक्ले। तिनले आफ्ना हातमा ती दुई**

वटा शिला-पाटी पनि लगे। ५ अनि परमप्रभु बादलमा ओर्लनुभयो, र तिनीसँग त्यहाँ खड़ा भएर उहाँले आफ्नो नाउँ "परमप्रभु" घोषणा गर्नुभयो। ६ त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ। ७ उहाँले हजारौं हजारमाथि कृपा देखाउनुहुन्छ, र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ। तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ। पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ।" ८ तब मोशाले हत्तपत्त भूइँतिर आफ्नो शिर निहुराएर आराधना गरे। ९ तिनले भने, "यदि मैले तपाईंको दृष्टिमा निगाह पाएको छु भने, हे परमप्रभु, बिन्ती छ, परमप्रभु नै हाम्रा साथमा हिँड्नुहोला। यिनीहरू हठी मानिस भए तापनि हाम्रा दुष्टता र पाप क्षमा गरेर हामीलाई आफ्नो निज उत्तराधिकारको रूपमा ग्रहण गर्नुहोस्।" १० तब परमप्रभुले भन्नुभयो, "हेर्, तिमीसँग म एउटा करार बाँध्छु। तिम्रा सारा मानिसहरूकै सामु म यस्ता आश्चर्यका कामहरू गर्नेछु, जो सारा पृथ्वीमा कुनै जातिमा कहिल्यै गरिएका छैनन्। यी मानिसहरू, जसका बीचमा तिमी छौ, तिनीहरूले देख्नेछन् कि म, परमप्रभु, तिम्रो लागि एउटा आश्चर्यपूर्ण काम गर्नेछु। ११ जुन आज्ञा आज म तिमीलाई दिँदैछु, त्यो तिमीले पालन गर्। हेर्, म तिम्रो सामुन्नेबाट एमोरी, कनानी, हित्ती, परिज्जी, हिव्वी, र यबूसीहरूलाई धपाउनेछु। १२ होशियार बस्! जुन देशमा तिमी जान्छौ, त्यहाँका बासिन्दाहरूसँग तिमीले सन्धि नगर्नू, नत्रता उनीहरू तिमीहरूका निम्ति पासो बन्नेछन्। १३ उनीहरूका वेदीहरू भत्काइदिनू। उनीहरूका चोखा ढुङ्गाहरू टुक्रा-टुक्रा पारिदिनू, र उनीहरूका अशेरा देवीका मूर्तिहरूलाई काटेर ढालिदिनू। १४ तिमीहरूले अन्य कुनै देवताको पूजा नगर्नू, किनकि परमप्रभु, जसको नाउँ "डाही" हो, डाह गर्ने परमेश्वर नै हुनुहुन्छ।" प्रस्थान ३४:१-१४; " ७ हामीले के भन्ने त? व्यवस्था पाप हो? कदापि होइन! यदि व्यवस्था नभए मैले पाप थाहा पाउनेथिइनँ, किनकि "तैंले लोभ नगर्" भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउनेथिइनँ। ८ तर पापले आज्ञामा मौका पाएर ममा सबै किसिमका लोभ उत्पन्न गरायो। व्यवस्थाविना त पाप मुर्दातुल्य हो। ९ व्यवस्थाविना रहँदा एक पल्ट म जीवित थिएँ, तर आज्ञा आएपछि पाप जागिउठ्यो, र मचाहिँ मरें। १० जीवनको प्रतिज्ञा दिने त्यही आज्ञाले मेरो निम्ति मृत्यु ल्यायो। ११ किनकि

पापले आज्ञाद्वारा मौका पाएर मलाई छल्यो, र त्यसैद्वारा मलाई मार्‍यो। १२ व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्गत र असल छ।" रोमी ७:७-१२; "७ परमप्रभुको व्यवस्था सिद्ध छ, प्राणलाई पुनर्जीवित गराउने। परमप्रभुका कानूनहरू विश्‍वसनीय छन्, निर्बोधलाई बुद्धिमान् तुल्याउने। ८ परमप्रभुका नियमहरू ठीक छन्, हृदयलाई आनन्द गराउने। परमप्रभुका आज्ञाहरू उज्ज्वल छन्, आँखालाई प्रकाश दिने। ९ परमप्रभुको भय स्वच्छ छ, अनन्तकालसम्मै स्थिर रहने। परमप्रभुका विधिहरू सच्चा छन्, ती सर्वथा धर्ममय छन्। १० सुनभन्दा पनि ती बढ़ी चाहना गर्ने योग्य छन्, निखुर सुनभन्दा पनि ज्यादै बढ़ी, चाकाबाट टप्कने महभन्दा बढ़ी गुलिया। ११ तीबाटै तपाईंको दासले चेताउनी पाउँदछ, ती पालन गर्दा ठूलो इनाम मिल्नेछ।" भजन १९:७-११; " १३७ हे परमप्रभु, तपाईं धर्मी हुनुहुन्छ, र तपाईंका नियमहरू सत्य छन्। १३८ तपाईंले राखिदिनुभएका कानूनहरू धार्मिक छन्, तिनीहरू पूर्ण रूपले भरपर्दा छन्। १३९ मेरो जोशले मलाई खाइसकेको छ, किनभने मेरा शत्रुहरूले तपाईंका वचनहरूको बेवास्ता गर्छन्। १४० तपाईंका प्रतिज्ञाहरू पूर्ण रूपले जाँचिएका छन्, र तपाईंको दासले तिनलाई प्रेम गर्छ। १४१ म क्षुद्र र तुच्छ छु, तापनि म तपाईंका आदेशहरू बिर्सन्नँ। १४२ तपाईंको धार्मिकता चिरस्थायी छ, अनि तपाईंको व्यवस्था सत्य छ। १४३ दुःख र सङ्कष्टमा ममाथि परिआएको छ, तर तपाईंका आज्ञाहरू मेरो निम्ति हर्षका कुरा छन्। १४४ तपाईंका कानूनहरू सदाकालको निम्ति सत्य छन्, मलाई समझशक्ति दिनुहोस्, र म जीवित रहन सकूँ।" भजख ११९:१३७-१४४; "१४ धार्मिकता र न्याय तपाईंको सिंहासनका जग हुन्, प्रेम र विश्‍वस्तता तपाईंको अगि जान्छन्।" भजन ८९:१४ र "१६९ हे परमप्रभु, मेरो पुकार तपाईंको सामु पुगोस्, तपाईंको वचनअनुसार मलाई समझशक्ति दिनुहोस्। १७० मेरो नम्र निवेदन तपाईंको सामुन्ने पुगोस्। तपाईंको प्रतिज्ञाअनुसार मलाई छुटकारा दिनुहोस्। १७१ मेरा ओठ तपाईंको प्रशंसाले भरपूर होऊन्, किनकि तपाईंले आफ्ना विधिहरू मलाई सिकाउनुहुन्छ। १७२ मेरो जिब्रोले तपाईंका वचनको भजन गाओस्, किनकि तपाईंका सबै आज्ञाहरू धर्ममय छन्। १७३ तपाईंको बाहुली मलाई मदत गर्न तत्पर रहोस्, किनकि तपाईंका आदेशहरूलाई मैले चुनेको छु। १७४ हे परमप्रभु, म तपाईंका उद्धारको तृष्णा राख्छु, र तपाईंको व्यवस्था मेरो खुशीयाली हो। १७५ म जीवित रहूँ, र तपाईंको प्रशंसा गर्न सकूँ, र तपाईंका नियमहरूले मलाई थामून्।

**१७६ हराएको भेड़ाजस्तो म बरालिएको छु, आफ्नो दासलाई खोज्नुहोस्, किनकि मैले तपाईंका आज्ञाहरू बिर्सेको छैनँ।" ११९:१६९-१७६।**

परमेश्वरको व्यवस्था वा दश आज्ञा उहाँको चरित्रको प्रतिलिपी हो। यो उहाँको सिंहासनको जग हो र सारा मानवको निम्ति नैतिक आधार हो। यसले गर्दा सैतानले दश आज्ञालाई घृणा गर्छ र इसाई भनाउँदाहरूद्वारा नै त्यो घृणा उसले व्यक्त गरिरहेको छ। "पृथ्वीको पवित्रस्थान स्वर्गको प्रतिलिपी हो भने पृथ्वीमा रहेको करारको सन्दुकमा राखिएको दश आज्ञा स्वर्गको सन्दुकमा रहेको करारको ठिक प्रतिलिपी हो। यसमा कोही पनि अन्यौल हुनु आवश्यक छैन। यदि स्वर्गमा पवित्रस्थान छ भन्ने सत्यलाई कसैले स्वीकार गर्दछ भने परमेश्वरले दावी गर्नुभएको व्यवस्था वा दश आज्ञा र चौथो आज्ञा साबथलाई मान्न सबैको कर्तव्य हो। परमेश्वरको वचनको तालमेलसँग विद्रोह गर्ने र मिल्न नचाहने तितो सत्यको रहस्य यही हो। स्वर्गको पवित्रस्थानमा येशूको सेवाकार्य प्रकट गरिएको शिक्षालाई स्वीकार गर्न कतिपय इसाई र इसाई विद्वानहरूले नै स्वीकार गर्न चाहँदैन। यसैमा तिनीहरू र हाम्रो बेमेल छ।"-*द ग्रेट कन्त्रोभर्सी,* ४३५।

***दश आज्ञाहरू पालन गर्न आवश्यकता छैन भनेर इसाईहरूले कुन कुन तर्क गर्दछन्? ती तर्कहरूको पछाडि वास्तविकमा को छ?***

## ३. साबथ र दश आज्ञा वा व्यवस्था

**सृष्टि, साबथ र परमेश्वरको व्यवस्था वा दश आज्ञाको बिचमा के सम्बन्ध छ भनेर देहायका पदहरूले देखाएको हेर्नुहोस्: "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"प्रकाश १४:६-७; "हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो।" प्रकाश ४:११; " १ यसरी आकाश र पृथ्वी र तिनमा भएका सबै कुरा बनाइसिद्धिए। २ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम**

**लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो।" उत्पत्ति २:१-३ र " ८ "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।" प्रस्थान २०:८-११।**

हामी अचानक वा शूक्ष्म जीवबाट विकसित भएर मानिस भएका होइनौं तर परमेश्वरले सृष्टि गर्नुभएको हो भन्ने धारणाले हामी परमेश्वरको अगाडि मूल्यवान हुन्छौं। यस ब्रम्हाण्ड जगतमा हामी एक्लै छैनौं। हामी कसमोस वा नक्षेत्रका ग्रहहरूबाट उछिट्टिएर धुलोको कणबाट बढेका होइनौं न त अचानक उत्पत्ति भएका हौं। जीवन कसरी सुरुभयो भन्ने वैज्ञानिक अनुमानित धारणा, सञ्चार माध्यम र लोकप्रिय संस्कारबाट प्रस्तुत गरिएको विद्यासँग बाइबलको लेखासँग कुनै तवरले मेल खान्दैन।

हामी यस संसारमा छौं किनभने येशूले हामीलाई सृष्टि गर्नुभयो। उहाँ हाम्रो आराधनाको योग्य हुनुहुन्छ किनकि उहाँले हामीलाई सृष्टि गरिएकोले मात्र होइन तर हामीलाई उद्धार पनि गर्नुभएको छ। सही आराधनाको केन्द्रविन्दु सृष्टि र मुक्ति हो। त्यसकारण, मुक्तिको योजनालाई बुझ्न साबथ अत्यन्तै महत्त्वपूर्ण छ। परमेश्वरको हेरचाह र मुक्तिदाताको प्रेमलाई साबथले सम्बोधन गर्दछ।

सृष्टिको हप्ताको अन्त्यमा परमेश्वरले बनाउनुभएको सुन्दर र गौरवमय संसारमा परमेश्वरले विश्राम लिनुभएको थियो। हाम्रो निम्ति अनुसरणीय उदाहरण हुनुभएर उहाँले विश्राम लिनुभएको थियो। हप्ताको व्यस्त जीवनबाट साप्ताहिक विश्राम लिएर हामीलाई सृष्टि गर्नुभएको परमेश्वरको स्तुतिप्रशंसा र आराधना हामी गर्छौं। जब हामी साबथमा परमेश्वरको आराधना गर्छौं तब त्यसदिनमा मात्र अरू कुनै दिनमा नपाएको विशेष आशिष पाउन हाम्रा हृदय खोल्दछौं।

हामी उहाँको लक्ष्यबाट बिचलित भएर छरिएतापनि सृष्टिकर्ताले हामीलाई त्याग्नुहुन्न भनेर साबथले औंल्याउँछ। हाम्रो विश्राम केवल उहाँमा मात्रै छ भनेर देखाउने अनन्तको चिन्ह साबथ हो। हामी उहाँप्रति बफादार छौं भनेर देखाउने विशेष चिन्ह साबथ हो (इजकिएल २०:१२,२०)। यो विश्रामको चिन्ह हो तर कामको होइन; अनुग्रहको चिन्ह हो विधिवादको होइन; यो आश्वासनको चिन्ह हो दोषी बनाउने होइन; परमेश्वरमाथि नै हाम्रो मुक्ति छ भनेर उहाँमाथि भरोसा राख्ने दिन साबथ हो तर हाम्रा धर्मकर्म र प्रयासबाट मुक्ति पाउँदैनौं भनेर पनि यही दिनेले औंल्याउँछ। सही साबथको विश्राम प्रिय प्रभुको अनुग्रहमा विश्राम गर्नु हो जसले हामीलाई सृष्टि गर्नुभयो, मुक्ति दिनु भयो र उहाँ जो फेरि आउँदै हुनुहुन्छ।

प्रकाश १४को सन्देश यस पृथ्वीको समयको अन्तको निम्ति दिएको सन्देश हो, प्रत्येक हप्ता विश्राम लिएर उहाँको प्रेममा विश्राम लिन यस सन्देशले आह्वान गर्दछ। उहाँले नै हामीलाई सृष्टि गर्नुभएको हो र उहाँलाई महिमा दिनुपर्छ र उहाँको इज्जत थाम्नुपर्छ भनेर साबथले हामीलाई याद दिलाउँछ। अदनको सिद्धता, आउने नयाँ स्वर्ग र नयाँ पृथ्वीको महिमासँग जोडिरहने अवधारणा साबथले दिन्छ। एक दिन अदनको सौन्दर्यता, शोभा र महिमाको पुनर्स्थापना हुनेछ भनेर साबथले नै हामीलाई याद दिलाउँछ।

***प्रायजसो सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई विधिवाद भनेर अरू इसाईहरूले आरोप लगाउँछन् किनभने तिनीहरूले साबथलाई पालन गर्दछन्। तर, साबथ विश्वासद्वारा उपलब्ध हुने मुक्ति र धार्मिकताको प्रतिक हो भन्ने कुरालाई सोच्नुहोस्। परमेश्वरले नै सबै कामबाट रोक्नु भन्ने आदेशलाई मानिसहरूले हामी कामद्वारा मुक्ति खोजिरहेकाछौं भनेर इसाईहरूले किन आरोप लगाउँछन्?***

## ४. पशुको छाप

**सैतानको क्रोध देहायका पदहरूले कसरी प्रकट गर्छन्? अन्तको समयमा रहने परमेश्वरका जनहरूप्रति सैतान किन क्रुद्ध भएको छ? हेर्नुहोस्: " यसकारण हे स्वर्गमा रहनेहरू, तिमीहरू रमाओ। तर पृथ्वी र समुद्रलाई धिक्कार छ! किनभने आफ्नो समय अल्प छ भनी थाहा पाएर दियाबलस ठूलो क्रोधसाथ तिमीहरूकहाँ तल आएको छ।... तब त्यो विशाल सर्प त्यस स्त्री प्रति खूबै क्रोधित भयो। त्यो सर्प त्यस स्त्रीको अन्य बालकहरूको विरुद्ध लडाईं गर्न हिंड्यो। त्यस स्त्रीका बालकहरू तिनीहरू थिए जसले परमेश्वरको आदेशको पालन गर्थे। येशूले**

सिकाएको सत्य तिनीहरूसित थियो।"प्रकाश १२:१२, १७ र "अनि त्यसलाई सन्तहरूसँग लड़ाइँ गर्न र तिनीहरूलाई जित्न अनुमति दिइयो। सबै कुलहरू, मानिसहरू, भाषाहरू र जातिहरूमाथि त्यसलाई अधिकार दिइयो।" प्रकाश १३:७।

युगौं युगसम्म जगत ब्रम्हाण्डमा येशू र सैतानको बिचमा भइरहेको भिषण द्वन्द्वको रूपरेखा प्रकाश १२मा कोरिएका छन्। यसको पराकाष्टामा सैतानले परमेश्वरका जनहरूलाई अन्तिम आक्रमण गर्नेछ भनेर चित्रण गरेको छ। प्रकाश १३मा अजिङ्गर वा सैतानका दुई सहयोगीहरूको चिनारी दिन्छ। ती हुन् समुद्रबाट निस्कने पशु र जमिनबाट निस्कने पशु। ती दुई शक्तिहरू मिलेर परमेश्वरका जनहरूसँग युद्ध छेड्नेछ।

देहायका पदहरूमा मुल विषयवस्तु के हो? "४ मानिसहरूले अजिङ्गरको पूजा गर्दथे, किनकि त्यसले आफ्नो अधिकार पशुलाई दिएको थियो। तिनीहरूले यसो भन्दै पशुको पूजा गरे, "यो पशुजस्तो अरू को छ? यसको विरुद्धमा को लड्न सक्ने?"... ८ पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात् तिनीहरूले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन।... १२ त्यसले पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो, र पृथ्वी र त्यसका सम्पूर्ण बासिन्दाहरूलाई पहिलो पशुको पूजा गर्न लाउँथ्यो, जसको घातक चोट निको भएको थियो।...१५ त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन्।" प्रकाश १३:४,८,१२,१५; "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।" त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य

पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।" १२ परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ। १३ अनि स्वर्गबाट आएको यस्तो आवाज मैले सुनें, "यो लेखः अब उप्रान्त प्रभुमा मर्नेहरू धन्यका हुन्।" आत्मा भन्नुहुन्छ, "हो, तिनीहरूले आफ्नो-आफ्नो परिश्रमबाट आराम पाउनेछन्, किनकि तिनीहरूका काम तिनीहरूका पछि लाग्नेछन्।"प्रकाश १४:६-१३; "हे परमप्रभु, तपाईंको डर कसले मान्दैन? र तपाईंका नाउँको महिमा कसले गर्दैन? किनकि तपाईं मात्र पवित्र हुनुहुन्छ। सबै जातिले आएर तपाईंलाई दण्डवत् गर्नेछन्, किनभने तपाईंका धार्मिक कार्यहरू प्रकट भएका छन्।"प्रकाश १५:४; " १ तब मन्दिरबाट आएको एउटा चर्को सोरले सात स्वर्गदूतहरूलाई यसो भनिरहेको मैले सुनें: "तिमीहरू जाओ, र परमेश्वरका क्रोधका सात कचौरा पृथ्वीमाथि खन्याओ।" २ तब पहिलो स्वर्गदूतले गएर आफ्नो कचौरो पृथ्वीमाथि खन्याए, र त्यसले गर्दा त्यस पशुको छाप हुने र त्यसको मूर्तिलाई पुज्ने मानिसहरूलाई घिनलाग्दा र दुख्ने घाउ-खटिरा निस्के।" प्रकाश १६:१-२; "तब त्यो पशु र त्यसको उपस्थितिमा अचम्म काम गर्ने झूटो अगमवक्ता दुवै पक्राउ परे। यी अचम्मका कामहरूद्वारा त्यस झूटो अगमवक्ताले त्यस पशुको छाप लिने र त्यसको मूर्तिको पूजा गर्नेहरूलाई बहकाएको थियो। यी दुवै जलिरहेको गन्धकको अग्नि-कुण्डमा जिउँदै फालिए।" प्रकाश १९:२०; "तब मैले सिंहासनहरू र त्यसमाथि बस्नेहरूलाई देखें, जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो। तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसका मूर्तिको पूजा नगर्नेहरू र त्यसको छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें। तिनीहरू फेरि जीवित भए, र तिनीहरूले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे।" प्रकाश २०:४ र "तर तिनले मलाई भने, "हेर, तिमीले यसो गर्नुहुँदैन। म त तिम्रो र अगमवाणी बोल्ने तिम्रा भाइहरू र यस पुस्तकका वचन पालन गर्नेहरूका सङ्गी-दास मात्र हुँ। परमेश्वरलाई दण्डवत् गर।"प्रकाश २२:९।

दुई विपरित समूहका मानिसहरूको चरित्र हेर्नुहोस्। कि त मानिसहरूले सृष्टिकर्ताको आराधना गर्छन् कि त अरू नै। सृष्टिकर्ता हाम्रो आराधना र उपासनाको योग्य हुनुहुन्छ (प्रकाश ५:९)। यही आराधना वा पूजा गर्ने विषयमा लिएर स्वर्गमा ख्रीष्ट र सैतानको बिचमा मतभेद भएको थियो: "म बादलहरूका उचाइमाथि उक्लिनेछु र म उच्च परमेश्वर जस्तै हुनेछु" (यशैया १४:१४)। सृष्टिकर्ताको अधिकारमा मात्र रहेको आराधना सैतानले चाहेको थियो। प्रकाश १३ अनुसार समुद्रको पशुको क्रियाकलापबाट सैतानको इच्छा पूरा भएको थियो (प्रकाश १३:४)। दानिएल ७सँग तुलना गर्दा त्यो त्यही पशु हो जुन सानो सिङ हो जसले समय र व्यवस्थालाई परिवर्तन गर्न प्रयास गर्दछ र १२६०दिन वा वर्षको भविष्यवाणीभरि वर्षसम्म आफ्नो अधिकारलाई दुरुपयोग गरि परमेश्वरका जनहरूलाई सताउँछ (दानिएल ७:२५; प्रकाश १३:५)। समयको मामिलाको बारेमा उल्लेख गरिएको दश आज्ञाको भाग केवल चौथो वा साबथ आज्ञा मात्र हो। क्याथोलिक चर्चले हप्ताको सातौं दिन शनिबारको दिन आराधना गर्नुको सट्टा सूर्यलाई पूजा गर्ने दिन वा हप्ताको पहिलो दिन आइतबारमा परमेश्वरको आराधना गर्नुपर्छ भनेर परिवर्तन गर्न प्रयास गरेको थियो।

क्याथोलिक चर्च र सांसारिक अधिकार प्रयोग गरेर सातौं दिन साबथको सट्टा आइतबारलाई साबथ मान्नुपर्छ भन्ने आदेशले परमेश्वरकै अधिकारको विद्रोह गरेको थियो। साबथ परमेश्वरको अधिकारको चिन्ह हो (प्रस्थान ३१:१३; इजिकएल २०:१२,२०)। क्याथोलिक चर्च र संसारको राज्यशक्ति प्रयोग गरेर परमेश्वरको आधारशीला नै नष्ट गर्न खोजेका थिए। यस विषयलाई लिएर यो भन्न सकिन्छ कि अन्तिम द्वन्द्व सृष्टिकर्ता परमेश्वरको आराधना गर्ने हो कि सैतान र उसका मतियारहरूलाई आराधना गर्ने हो भन्नेमा हुनेछ ।

*त्यसैकारण परमेश्वरका बफादारीहरू को हुन् भनेर प्रकाशको पुस्तकले किटानी गर्दछ। तिनीहरू "ती हुन् जसले परमेश्वरका आज्ञाहरूलाई पालन गर्दछन्" (प्रकाश १२:१७, १४:१२)। यसको अर्थ आइतबार होइन साबथ वा हप्ताको सातौं दिन शनिबारमा परमेश्वरको विशेष आराधना गर्ने दिन हो। तीन स्वर्गदूतहरूका अन्तिम आह्वानमा परमेश्वरको आराधना उहाँको पवित्र दिनमा गर्ने हो कि (यशैया ५८:१३) र त्यसको नक्कली दिन आइतबार*

*आराधना गर्ने। नक्कली साबथलाई पालन गर्नेहरूले पशुको छाप पाउनेछ (अध्याय ११)।*

## ५. तीन स्वर्गदूतहरूका सन्देशहरू

प्रकाश १४:७ मा पहिलो स्वर्गदूत उच्च स्वरले घोषणा गर्दछन्, "परमेश्वरको भय मान्नु वा श्रद्धा गर्नु र उहाँलाई महिमा देउ किनभने न्यायको समय आइसकेको छ। उहाँको आराधना गर वा उहाँलाई ढोग जसले स्वर्ग र पृथ्वी, समुद्र र पानीका मुहानहरू सृष्टि गर्नुभयो।" (रूपान्तरित)। हाम्रो सर्बोच्च श्रद्धा, मान, बफादारिता सृष्टिकर्तालाई देउ र हृदयदेखि उहाँको आराधना गर किनभने सबैको न्याय हुँदैछ।

दोस्रो स्वर्गदूतले यो घोषणा गर्दछन्, “पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।”प्रकाश १४:८। पहिलो स्वर्गदूतको सन्देशलाई नमानी वा अस्वीकार गरेर झुठो धार्मिक प्रणालीमा लागेर भ्रष्ट भएकाहरूले बेबिलोनको प्रतिनिधित्व गर्दछ। त्यसकारण, प्रकाश १४:९-११मा पशु र उसको प्रतिकलाई पूजा गर्नेहरूको विरुद्धमा चेतावनी दिँदछ। सृष्टिकर्ता परमेश्वरको आराधना गर्ने कि वा सैतानको मतियार पशुको आराधना गर्ने निर्णय सबैको सामु तेर्साएको छ। यस पृथ्वी ग्रहमा बस्ने प्रत्येक मानव प्राणीले आफ्नो अन्तिम निर्णय गर्नुपर्नेछ। येशूको पछि लाग्ने कि सैतानको पछि लाग्ने भन्ने आत्म निर्णय तिनीहरूले नै गर्नुपर्नेछ। यसमा मध्यम मार्ग भन्ने छैन। र तिनीहरूले गर्ने निर्णयलाई कसैले परिवर्तन गर्न सक्दैन।

**पशु वा सैतानको मतियारको आराधना नगर्न निर्णय गर्नेहरूको पहिचान के हो र तिनीहरूका ती स्वभावहरू किन अत्यन्तै महत्त्वपूर्ण छ? हेर्नुहोस्, प्रकाश १४:१२ " परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने वा येशूको विश्वास हुने सन्तहरूको धैर्य धारण यसैमा छ।"**

थोरै किन नहोस्, अन्तको समयमा परमेश्वरका जनहरू हुनेछन्। कडा विरोधको बाबजुद र भयानक सतावटको सामना गर्नुपरेतापनि तिनीहरू परमेश्वर प्रति बफादार रहनेछन्। विश्वमा तिनीहरूले कठोर सतावट भोग्नु पर्नेछ। ख्रीष्टको धार्मिकताको उपहारले तिनीहरू अनुग्रहले भरिएर आज्ञाकारी जीवन बिताउनेछ। सृष्टिकर्ता परमेश्वरको मात्र आराधना गर्नु भनेको पशुको आराधनाको सिधै विरोध गर्नु हो। परमेश्वरको आराधना गर्नेहरूको स्वभाव नै उहाँका आज्ञाहरू पालन गर्ने हुन्छ। ख्रीष्ट प्रति बफादार हुने कि पशु प्रति

बफादार हुने अन्तिम द्वन्द्वको केन्द्रबिन्दु नै आराधना हो। ती असल र खराब महान् द्वन्द्वको केन्द्रबिन्दु नै साबथ हुनेछ।

मुक्तिदाता प्रति समर्पित अनुयायीहरूमा येशूमा मात्र विश्वास होइन येशूकै विश्वास पनि हुनेछ। येशूको विश्वास वा निष्ठा अत्यन्तै गहिरो छ। परमेश्वरमै भरोसा राखेर अर्पित जीवन येशूको थियो। त्यो विश्वास तथा निष्ठा यस्तो अटल छ कि नर्कका सारा दुष्ट वा दानवहरू र सबै कष्टहरूले हल्लाउन सक्दैन। नदेखिनेमा र नबुझ्नेमा विश्वासमा अडिग हुनु नै त्यो निष्ठा हो। येशूको विश्वास आफै पनि विश्वासद्वारा पाउने उपहार हो। अनेकौं कष्ट र शङ्कतमा त्यस विश्वासले हामीलाई चलाउनेछ। जब अन्तिम शङ्कतमा येशूका विश्वासीहरूलाई आर्थिक नाकाबन्दी गरिनेछ, भयानक सतावट र झ्यालखानामा जाकिनु पर्नेछ र मृत्युको पनि सामना गर्न बाध्य हुनेछ। पृथ्वीमा हुने अन्तिम शङ्कतमा येशू नआउञ्जेल उहाँको विश्वासले विश्वासीहरूलाई थामिराख्नेछ।

***भविष्यमा के आउनेछ त्यसको निम्ति परमेश्वरले तपाईंको विश्वासद्वारा कसरी तयार पारिरहेको छ?***

उपसंहारः

**थप जानकारीः** "बाइबलको सही शिक्षाबिना मानिसको हित हुँदैन। धेरै मानिसहरूले दिक्क नमानी त्यही तर्क गर्छन् जुन येशू र उहाँका चेलाहरूको विरुद्धमा गरेका थिए: 'हाम्रा महान् विद्वान, प्रख्यात र प्रखर इसाईहरूले साबथको बारेमा किन बुझ्दैनन्? तर याद गर्नुहोस्, केवल थोरैले मात्र तपाईंले गर्नुभएको विश्वास तिनीहरूसँग हुन्छ। तपाईंलाई यो भ्रममा पार्न सक्छ कि तपाईं मात्र ठिक छ र संसारका बढे बढे विद्वानहरू गलत छ भन्न सकिँदैन।

"त्यस तर्कको प्रतिवाद गर्न केवल बाइबलका शिक्षाहरू र युगौं युगसम्म परमेश्वरले आफ्ना जनहरूसँग गर्नुभएको कारोबारलाई सम्झनु जरुरी छ। "विगतका पुस्ताहरूमा इसाईहरूले आइतबार पालन गरेका थिए। बाइबलले सिकाएकै अनुसार बाइबल साबथ पालन गरेको छ भनेर तिनीहरू विश्वस्त भएका थिए। प्रत्येक चर्चमा सत्यवादी इसाईहरू छन् चाहे रोमन क्याथोलिक चर्चमा नै किन नहोस् जसले यो विश्वास गर्दछन् कि आइतबार नै परमेश्वरले दिनुभएको साबथ हो। तिनीहरूको इमान्दारीता र अनजानमा गरेको विश्वासलाई परमेश्वरले ग्रहण गर्नुहुन्छ।

तर जब नागरिक कानुनले आइतबारलाई पालन गर्नु पर्छ भनेर जबरजस्ती गर्न लगाउँछ तब संसारले यो आत्मज्ञान पाउने छ कि आइतबारको सट्टा सही सत्य साबथ शनिबार हो। अनि त्यसबेला जसले परमेश्वरको आज्ञाको उलङ्घन गर्दछ र रोमन क्याथोलिक चर्चको उच्च अधिकारलाई पालन गर्छ तर त्यो व्यक्तिले पोपलाई परमेश्वरभन्दा माथि सम्मान गरेको प्रमाणित हुन्छ। उसले रोम वा रोमन क्याथोलिक चर्चको पोपलाई नै भगवान भनेर आफ्नो आस्था राख्दछ। उसले रोमको शक्तिले नै जबरजस्ती लादेको आइतबारे साबथलाई पालन गरिरहेको ठहर्छ। उसले पशु र उसको प्रतिकको आराधना वा पूजा गरिरहेको हुन्छ। जब परमेश्वरले नै उहाँको अधिकार अनुसार निर्धारण गर्नुभएको साबथलाई अस्वीकार गर्दछ र उहाँलाई सम्मान गर्नुको सट्टा रोम वा रोमन क्याथोलिक चर्चको सर्वोच्चतालाई स्वीकार गर्नेछ र त्यसप्रति बफादार हुनेछ तब त्यो व्यक्तिले पशुको छापलाई स्वीकार गरेको ठहरिनेछ। जब यस मामिला मानिसहरूको सामु स्पष्टसँग राखिन्छ तब तिनीहरू मानिसका आज्ञाहरू वा परमेश्वरका आज्ञाहरू मात्र तिनीहरूले निर्णय गर्नुपर्ने हुन्छ। जो मानिसहरू निरन्तर रूपमा जानाजानी परमेश्वरका आज्ञाहरूलाई ठुकराइरहन्छ त्यसलाई पशुको छाप लगाइनेछ।"-*द ग्रेट कन्त्रोभर्सी,* ४५५,४४९।

**चिन्तनमनन:**

- **अ.** **यो संसार द्रुत गतिले नाटकीय रूपमा परिवर्तन भइरहेको छ। युगको अन्तिममा हुने घट्नाहरू प्रति हामी किन सजग भइरहनुपर्दछ?**
- **आ.** **न्याय र परमेश्वरको व्यवस्थाले हामी अनुग्रहबाट मात्रै मुक्ति पाउँछौं भन्ने धारणामा कसरी तालमेल हुन्छ?**
- **इ.** **सत्य साबथको महत्त्वलाई नबुझ्ने र इमान्दारीतासाथ आइतबारलाई पालन गर्नेहरूलाई तपाईंले कसरी गवाही दिन वा बन्न सक्नुहुन्छ?**
- **ई.** **चर्च वा धर्म र सरकारी निकाय वा शक्तिको बीचमा हुने एकतामा के खतरा छ? इसाईहरूले सरकारसँग कसरी कारोबार गर्ने?**

## कथा ९
## चर्चबाट भाग्नु, भाग २
## आन्ड्र्यु मेकचेस्नी

युरोपको सहरमा भएका दुई शरणार्थी युवाहरूले आफ्नो हृदय येशूलाई सुम्पेपछि आमाले पनि उहाँलाई विश्वास गर्न अनुरोध गर्न थाले।

"आमा, के तपाईं मुक्ति पाउन चाहनुहुन्न?" २० वर्षको रोजनले सोध्यो।

उनकी आमा अनेलिया ज्वालामुखी फुटेको जस्तै पड्किन्, "मेरो धर्मलाई मैले कहिल्यै त्याग्नेछैन। म नमरुञ्जेल म मेरो धर्म छोड्दिन!" टेबुलमा हात बजारेर भनिन्।

उनको २२ वर्षको छोरो सर्जेइले मानिसहरूका पापहरूका निम्ति क्रूसमा मर्नुभयो र उहाँ तीनदिनपछि पुनरुत्थान हुनुभयो भनेर आमालाई सुनायो। "येशू कसरी पुनरुत्थान भयो त्यो त असम्भव छ," अनेलियाले मनिन्। "यदि तपाईंले येशूलाई विश्वास गर्नुभयो र मर्नुभयो भने पनि तपाईं पनि पुनरुत्थान हुनुहुनेछ," सर्जेइले भन्यो। एक दिन उसले यूहन्ना ३:३६ आमाले पढेर सुनायो, "जसल पुत्रमाथि विश्वास गर्छ उसमा अनन्त जीवन हुन्छ। जसले पुत्रलाई विश्वास गर्दैन उसले जीवन पाउनेछैन, तर परमेश्वरको क्रोध उसमाथि रहन्छ।" "हामी त मर्नेछौं तर जब येशू फर्किनुहुन्छ तब उहाँले चिहानहरूबाट हामीलाई पुनरुत्थान गर्नुहुनेछ।

"बाबु हामी कसरी चिहानहरूबाट पुनरुत्थान हुनेछौं त?" उत्सुक भएर आमाले सोधिन्। "हामी फेरि जीवित रहनेछौं," उसले बतायो। यो त अनेलियाको निम्ति ठुलो प्रश्न थियो। उनको दिमागमा त यो अत्यन्तै गहिरो प्रश्न भएर गाडिन थाल्यो। पुनरुत्थान भएर सदाको निम्ति हामी जिइरहन के सम्भव छ त?

जब छोराहरूले बाइबलका पदहरू पढेर सुनाए तब उनमा अलमल भएको प्रश्न बुझ्न थालिन्। चर्चमा त्यस परिवारलाई पहिलो पल्ट बोलाउने पावलले बाइबल बाइबल पढेका र चर्चमा पहिलो पल्ट जाँदा येशूको बारेमा सुनेको याद आयो। उनको हृदय खुशीले भरियो। पवित्र आत्मा उनको हृदयमा आउनुभएको अनेलियाले बुझिन्। अनि छिटै नै येशूलाई आफ्नो मुक्तिदाता मानिन्। जब उनले उहाँलाई विश्वास गरिन् तब उनी पनि आफ्नो समय येशूसँग बिताउन चाहिन् र चर्चमा सेवाआराधना गर्न रुचाउन थालिन्।

अनि उनकी १५ वर्षकी छोरीले बप्तिस्मा लिइन्। दुई छोराहरूको बप्तिस्मामा उनी सरिक भइनन् तर छोरीको बप्तिस्मामा उनी सरिक भइन्। बप्तिस्मा पछि आमाले छोरीलाई बधाइ दिइन्। "आमा तपाईंको पालो अर्को," छोरीले भनिन्।

सर्जेइले आमासँग बाइबल अध्ययन गऱ्यो। उनी आफै पनि बाइबल पढ्न थालिन्। येशूको निम्ति जिउन उनले तिर्खा गर्न थालिन्। उनी ४७ वर्ष भएपछि उनले आफ्नो हृदय बप्तिस्माद्वारा येशूलाई सुम्पिन्। अन्तर्वार्तामा उनले भनिन्, "त्यो त अत्यन्तै आनन्दको दिन थियो। मैले व्याख्या नै गर्न सक्दिनँ। यस्तो खालको आनन्द ४७ वर्षमा पहिलो पल्ट भएको थियो। मैले येशूलाई विश्वास गरें र उहाँलाई ग्रहण गरें।"

आज अनेलिया उनका मानिसहरूको निम्ति सुसमाचार प्रचार गर्ने भएकी छिन्। उनको श्रीमानले पनि बाइबललाई विश्वास गरे। उनको आफ्नो देशमा भएका बाबुआमाहरूले पनि साबथ पालन गर्न थाले। अनेलियाले उनका साथीभाइहरूलाई बाइबल सिकाउँछिन्।

"एक दिन म चर्चबाट भाग्न चाहेकी थिएँ। अब चर्चतिर भाग्न मेरो हृदय भरिएको छ। पवित्र आत्माले मलाई परमेश्वरतिर ल्याउनुभयो," खुशी व्यक्त गरेर यस लेखकलाई सुनाइन्।